☎ ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
च.नं. २२२६

मिति: २०८२/०२/१९

## तह वृद्धि सम्वन्धी सूचना

सूचना प्रकाशन मिति: २०८२/०२/१९ गते

प्रस्तुत विषयमा मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा (१) र दफा ४ को उपदफा (६) र खडक नगरपालिकाको कर्मचारी तह वृद्धि सम्वन्धी कार्यविधि, २०८१ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्ने सम्वन्धी व्यवस्था भए बमोजिम यस नगरपालिकामा कार्यरत स्थानीय तहमा नियुक्ति भएका योग्यता पुगेका सहायक पाँचौ तहका कर्मचारीहरुले स्तरवृद्धि प्रयोजनार्थ तपसिलका कागजात सहित मिति २०८२ अषाढ १७ गते भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबै कर्मचारीहरुलाई नगर कार्यपालिकाको मिति २०८२/०२/१३ गते बसेको बैठक नं. १८१, निर्णय नं. ८ को निर्णयानुसार जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित समय भित्र प्राप्त नभएको निवेदन साथै रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

१. निवेदन र शुरु नियुक्ति पत्रको प्रतिलिपी ।
२. तह मिलान गरेको भए सो पत्रको प्रतिलिपी ।
३. तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
४. सरुवा तथा रमाना पत्रको प्रतिलिपी ।
५. आवश्यक अन्य कागजातहरु ।

२०८२/२/१९

..............................
(विनय कुमार सोनु)
प्रमुख प्रशासकीय अधिकृत

विनय कुमार सोनु
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी ।
- श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
- श्री सूचना प्रविधि शाखा, खडक न.पा.कल्याणपुर, सप्तरी ।- कार्यालयको website मा Upload गरिदिनु हुन ।